यो आकाशवाणी हो

समाचार कृष्ण कौशिकबाट सुन्नुहोस (intro)

29th of June 2026 (Monday)

मुख्य समाचार

- रक्षा अलंकरण समारोहमा राष्ट्रपति मुर्मुद्वारा वीरता पदक प्रदान ।।
- राज्यसभा अध्यक्ष C. P. Radhakrishnanद्वारा आठ नवनिर्वाचित तथा पुनःनिर्वाचित सदस्यको शपथ ग्रहण सम्पन्न ।।
- प्रधानमन्त्री Narendra Modi लाई सेशेल्सको सर्वोच्च सम्मान 'गार्डियन अफ द ब्लु होराइजन' प्रदान ।।
- हरियाणा–राजस्थान जल बाँडफाँट सम्झौताबारे नयाँ दिल्लीमा उच्चस्तरीय बैठक सम्पन्न ।।
- तीन भाषा नीतिबारे सीबीएसईको नयाँ निर्देशन।।

राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित सन् २०२६ को दोस्रो रक्षा अलंकरण समारोहमा रक्षा बल, केन्द्रीय सशस्त्र प्रहरी बल तथा विभिन्न राज्य र केन्द्रशासित प्रदेशका प्रहरीका बहादुर सुरक्षाकर्मीहरूलाई वीरता पदक प्रदान गर्नुभयो।
यी पदकहरू सशस्त्र बल, केन्द्रीय सशस्त्र प्रहरी बल तथा अन्य सुरक्षा निकायका सदस्यहरूले देखाएको असाधारण साहस र वीरताको सम्मानस्वरूप प्रदान गरिएको हो।

यी सम्मानहरूले जम्मु–कश्मीर, पूर्वोत्तर क्षेत्र तथा देशका सीमावर्ती क्षेत्रमा आतंकवाद, विद्रोह र अन्य सुरक्षा चुनौतीविरुद्ध भारतले गरिरहेको प्रयासका साथै हवाई, समुद्री तथा मानवीय उद्धार अभियानमा देखाइएको साहसलाई पनि सम्मान गरेका छन्।
यसअघि राष्ट्रपति मुर्मुले यही महिनाको 8 तारिख रक्षा अलंकरण समारोहको पहिलो चरणमा पनि वीरता पदक प्रदान गर्नुभएको थियो।

## उपराष्ट्रपति C. P. Radhakrishnan

उपराष्ट्रपति तथा राज्यसभा अध्यक्ष C. P. Radhakrishnan द्वारा आज नयाँ दिल्लीस्थित संसद भवनमा आयोजित कार्यक्रममा राज्यसभाका नवनिर्वाचित तथा पुनःनिर्वाचित आठ जना सदस्यलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो।
शपथ लिने सदस्यहरूमा कर्नाटक, पञ्जाब, गुजरात, राजस्थान, मणिपुर र महाराष्ट्रबाट निर्वाचित तथा पुनःनिर्वाचित सदस्यहरू रहेका छन्।

यस अवसरमा राज्यसभाका उपसभापति, संसदीय मामिलामन्त्री किरेन रिजिजु तथा सदनका नेता एवं स्वास्थ्य तथा परिवार कल्याणमन्त्री जगत प्रकाश नड्डा पनि उपस्थित हुनुहुन्थ्यो।

## प्रधानमन्त्री Narendra Modi

प्रधानमन्त्री Narendra Modi वातावरण संरक्षण तथा दिगो विकासमा नेतृत्वदायी योगदानका लागि सेशेल्सको सर्वोच्च नागरिक सम्मान 'गार्डियन अफ द ब्लु होराइजन'बाट सम्मानित हुनुभएको छ। सेशेल्सका राष्ट्रपति Patrick Herminie ले उहाँलाई उक्त सम्मान प्रदान गर्नुभएको हो। सम्मान ग्रहणपछि प्रधानमन्त्री मोदीले यसलाई जलवायु परिवर्तनविरुद्ध संघर्षरत सबै राष्ट्रलाई समर्पित गर्नुभयो।

यसैबीच, प्रधानमन्त्री मोदी तीनदिने सफल सेशेल्स भ्रमण सम्पन्न गरी आज भारत फर्किनुभएको छ। भ्रमणको अन्तिम दिन उहाँले भिक्टोरियास्थित Navasakti Vinayagar मन्दिरमा पूजा–अर्चना गर्नुका साथै भारतीय समुदायसँग भेटघाट गर्नुभयो। त्यसपछि उहाँले पिस पार्कमा रहेको Mahatma Gandhi सालिकमा पुष्पाञ्जली अर्पण गर्नुभयो।

<u>गृहमन्त्री अमित शाह</u>

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा हरियाणा र राजस्थानबीच जल बाँडफाँटसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने विषयमा आयोजित उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा केन्द्रीय जलशक्ति मन्त्री सी. आर. पाटिल, हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनी तथा राजस्थानका मुख्यमन्त्री भजनलाल शर्मा पनि उपस्थित हुनुहुन्थ्यो।
यस अवसरमा केन्द्रीय जलशक्ति मन्त्री सी. आर. पाटिलले यस सम्झौताले जल व्यवस्थापनलाई थप प्रभावकारी बनाउने बताउनुभयो।

उहाँले थप भन्नुभयो

<u>केन्द्रीय माध्यमिक शिक्षा बोर्ड</u>

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले तीन भाषा नीतिसम्बन्धी नयाँ निर्देशन जारी गरेको छ। बोर्डका अनुसार हाल कक्षा 10 मा अध्ययनरत विद्यार्थीहरूलाई नयाँ भाषा नीति लागू हुने छैन।

त्यसैगरी, अहिले कक्षा 7, 8 र 9 मा अध्ययन गरिरहेका विद्यार्थीहरूले कक्षा 10 मा पुग्दा तेस्रो भाषाको बोर्ड परीक्षा दिनुपर्ने छैन।
सीबीएसईले कक्षा 7, 8 र 9 का ती विद्यार्थीहरू, जसले पहिले नै दुईवटा विदेशी भाषा छनोट गरेका छन्, उनीहरूले ती भाषा अध्ययनलाई निरन्तरता दिन पाउने र त्यससँगै एउटा भारतीय मातृभाषा पनि अध्ययन गर्नुपर्ने जनाएको छ।
बोर्डले कक्षाअनुसार आवश्यक अध्ययन सामग्री समयमै उपलब्ध गराइने पनि जनाएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

रक्षामन्त्री राजनाथ सिंह

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा रक्षा अनुसन्धान तथा विकास संगठन (डीआरडीओ) का लागि आर्थिक अधिकार प्रत्यायोजन–२०२६ (डीएफपी–२०२६) सार्वजनिक गर्नुभएको छ।

यस अवसरमा उहाँले नयाँ व्यवस्थाले रक्षा अनुसन्धान तथा विकास परियोजनालाई छिटो, प्रभावकारी र उत्तरदायी बनाउँदै स्वदेशमै विकसित प्रविधि तथा प्रणालीलाई सशस्त्र सेनामा शीघ्र प्रयोगमा ल्याउन सहयोग पुग्ने बताउनुभयो। उहाँले यो व्यवस्थाले 'आत्मनिर्भर भारत' अभियानलाई थप सुदृढ बनाउँदै रक्षा क्षेत्रमा आत्मनिर्भरता बढाउने विश्वास पनि व्यक्त गर्नुभयो।

रक्षा मन्त्रालयका अनुसार डीएफपी–२०२६ ले रक्षा विभागका विभिन्न तहमा कार्यसम्पादन क्षमता बढाउनुका साथै परीक्षण, मूल्याङ्कन र अन्य आवश्यक कार्यका लागि वित्तीय व्यवस्थालाई थप प्रभावकारी बनाउनेछ। ।

मन्त्री जगत प्रकाश नड्डा

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा 'समग्र शिशु बाल स्वास्थ्य कार्यक्रम' शुभारम्भ गर्नुभयो।

स्वास्थ्य मन्त्रालयका अनुसार यो कार्यक्रमअन्तर्गत जन्मदेखि तीन वर्षसम्मका बालबालिकालाई घर तथा समुदाय स्तरमै समग्र स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। यसले नवजात तथा साना बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, पोषण, प्रारम्भिक विकास तथा जोखिममा रहेका बालबालिकाको विशेष निगरानीमा जोड दिनेछ।

मन्त्रालयले शहरी बस्ती, आप्रवासी तथा सेवाबाट वञ्चित समुदायका बालबालिकालाई पनि यस कार्यक्रमबाट लाभ पुग्ने जनाएको छ।

उहाँले थप भन्नुभयो

## मन्त्री हरदीप सिंह पुरी

केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले विश्वव्यापी ऊर्जा सङ्कट र आपूर्ति शृङ्खलामा अवरोधका बीच पनि प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले ऊर्जा उपभोक्तालाई कुनै समस्या हुन नदिएको बताउनुभएको छ।

एक लेखमार्फत मन्त्री पुरीले भारतमा इन्धनको पर्याप्त भण्डारण रहेको, आपूर्ति नियमित रहेको र विश्वका अन्य देशको तुलनामा भारतीय उपभोक्ताले कम मूल्यमा ऊर्जा प्राप्त गरेको उल्लेख गर्नुभएको छ।

उहाँले संकटका बेला सरकारले इन्धन आयातका स्रोत विस्तार गर्नुका साथै आवश्यक पूर्वाधार विकास गरेर देशभर इन्धन आपूर्तिमा कुनै कमी हुन नदिएको पनि बताउनुभएको छ।

## भारतको 'अपरेसन अमिस्ताद'

भारतको 'अपरेसन अमिस्ताद' अन्तर्गत भूकम्प प्रभावित भेनेजुएलामा तैनाथ भारतीय सेनाको फिल्ड अस्पताल पूर्ण रूपमा सञ्चालनमा आएको छ। राजधानी काराकासमा स्थापित उक्त अस्पतालले प्रभावितहरूलाई चौबीसै घण्टा निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेको छ।

भारतको विदेश मन्त्रालयका अनुसार अस्पतालमा अनुभवी चिकित्सकहरूको टोली खटिएको छ। भारतले 'अपरेसन अमिस्ताद' अन्तर्गत राहत सामग्रीसहित दुई वटा वायुसेनाका विमानमार्फत मानवीय सहायता पनि पठाएको छ।

गत बुधबार भेनेजुएलामा 7 दशमलव 2 र 7 दशमलव 5 म्याग्निच्युडका दुई शक्तिशाली भूकम्प जाँदा एक हजार चार सय 50 जनाको मृत्यु भएको छ भने हजारौँ घाइते र धेरै अझै बेपत्ता रहेका छन्।

## भारतको मौसम विज्ञान विभाग

भारतको मौसम विज्ञान विभाग (आईएमडी) ले सिक्किम तथा उपहिमाली पश्चिम बंगालमा भोलिसम्म भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागका अनुसार अरुणाचल प्रदेश, असम, मेघालय, केरल र माहे मा बुधबारसम्म भारी वर्षा हुने सम्भावना रहेको छ।

<u>फिफा विश्वकप</u>

अमेरिकाको लस एन्जलसमा जारी फिफा विश्वकप फुटबलको नकआउट चरणमा क्यानाडाले दक्षिण अफ्रिकालाई शून्यका विरुद्ध एक गोलले पराजित गर्दै पहिलो पटक नकआउट चरणमा जित हासिल गरेको छ।
क्यानाडाका स्टेफन युस्टाकियोले दोस्रो हाफको इन्जुरी समयमा निर्णायक गोल गरेका थिए। खेलको अन्तिम समयमा क्यानाडाले उत्कृष्ट रक्षात्मक प्रदर्शन गर्दै आफ्नो अग्रता कायम राख्यो।
यस जितसँगै क्यानाडाले जुलाई 4 मा ह्युस्टनमा हुने क्वार्टरफाइनलमा नेदरल्यान्ड्स वा मोरक्कोसँग प्रतिस्पर्धा गर्नेछ।
समूह चरण सम्पन्न भएसँगै ३२ टोली सहभागी रहेको फिफा विश्वकप २०२६ को नकआउट चरण आजदेखि औपचारिक रूपमा सुरु भएको छ। एक हारसँगै बाहिरिने यस चरणको अन्तिम खेल अर्थात् फाइनल जुलाई 19 मा हुनेछ।

मुख्य समाचार फेरि एकपल्ट

- रक्षा अलंकरण समारोहमा राष्ट्रपति मुर्मुद्वारा वीरता पदक प्रदान ।।
- राज्यसभा अध्यक्ष C. P. Radhakrishnanद्वारा आठ नवनिर्वाचित तथा पुनःनिर्वाचित सदस्यको शपथ ग्रहण सम्पन्न ।।
- प्रधानमन्त्री Narendra Modi लाई सेशेल्सको सर्वोच्च सम्मान 'गार्डियन अफ द ब्लु होराइजन' प्रदान ।।
- हरियाणा–राजस्थान जल बाँडफाँट सम्झौताबारे नयाँ दिल्लीमा उच्चस्तरीय बैठक सम्पन्न ।।
- तीन भाषा नीतिबारे सीबीएसईको नयाँ निर्देशन।।